अनुसूची (२)

(दफा ४ तथा अनसूची–१ को भाग–२ सँग सम्बन्धित)

दोरम्बा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २०७६

मितिः २०७६/०९/१०

भाग–२

दोरम्बा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप

३ नं. प्रदेश, नेपाल

## दोरम्बा गाउँ कार्यपालिकाको कार्यालयको सुचना

दोरम्बा गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

## विक्रम संवत २०७६ सालको कार्यविधि नं. ४

## व्यवसायीक पशुपंछी पालक कृषकका लागि अनुदान परिचालन गर्ने सम्बन्धी बनेको कार्यविधि



Scanned with CamScanner

प्रस्तावना :

व्यवसायीक पशुपंछी पालनको लागि व्यवस्थित गोठ, खोर निर्माण गरि व्यवस्थित पशुपालन मार्फत पशु चौपायामा आत्मनिर्भर बनाई स्थानियस्तरमा रोजगारी निर्माण गर्नु यस कार्यविधिको मुख्य उद्देश्य हो । परम्परागत रूपमा निर्मित गोठ खोरमा सुधार गरि पशुपालनमा अभिरूचि जनाउनु पनि यसको ध्येय रहेको छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम व्यवसायीक पशुपंछीपालन अनुदान परिचालन कार्यविधि, २०७६ रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २. परिभाषा :

क) गाउँपालिका भन्नाले दोरम्बा गाउँपालिका सम्झनु पर्दछ ।

ख) पशु विकाश शाखा भन्नाले दोरम्बा गाउँपालिकाको पशु विकाश शाखा सम्झनु पर्दछ ।

ग) व्यवसायीक पशुपंछी पालक कृषक भन्नाले गाउँपलिकामा फर्म दर्ता गराई संचालन गरेको सम्झनु पर्दछ ।

घ) कार्यक्रम भन्नाले व्यवसायीक पशुपंछीपालन सम्वन्धि कार्यक्रम सम्झनु पर्दछ ।



### ३. उद्देश्य :

क) दोरम्बा गाउँपालिकाको पशुपालन नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्न ।

ख) व्यवसायीक पशुपंछी पालनलाई सहजीकरण, प्रवद्रन एवम् व्यवसायीकरण गर्नको लागि आवश्यक लक्षित वर्गसम्म पुऱ्याउन सहयोग स्वरूप टेवा पुऱ्याउने ।

ग) पशुपंछीपालन व्यवसायबाट थप रोजगारीको अवसर सिर्जना गरि जिवनस्तर सुधार गर्ने ।

घ) पशुपंछीजन्य उत्पादनको परिमाण र गुणस्तरमा सुधार गर्न तथा उत्पदन लागतमा न्युनिकरण गर्ने ।

## परिच्छेद -२

### ४. कार्यक्रम संचालन सम्वन्धि व्यवस्था :

१) कार्यक्षेत्र : यो कार्यक्रम दोरम्बा गाउँपालिकाको सबै वडाहरूमा संचालन गरिनेछ ।

२) दोरम्बा गाउँपालिकाको पशु विकाश शाखाले ३० दिने म्याद राखि प्रस्ताव आवाहनको सुचना प्रकाशन गर्नेछ ।

३) यस्तो प्रस्ताव व्यवसायीहरूले सम्बन्धित गाउँपालिकाको पशु विकास शाखामा पेश गर्नुपर्ने छ ।

४) माथि उल्लेखित बमोजिम प्राप्त हुन आएका प्रस्तावहरू छनौट तथा मुल्याङ्कन देहाय बमोजिम समिति रहनेछ ।



Scanned with CamScanner

| | |
|---|---|
| दोरम्बा गाउँपालिका अध्यक्ष | संयोजक |
| दोरम्बा गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| लेखाशाखा प्रमुख | सदस्य |
| आर्थिक विकास समिति संयोजक | आमन्त्रित सदस्य |
| पशुविकाश शाखा प्रमुख | सदस्य सचिव |

५) पेश भएका प्रस्तावहरू छनौट तथा मुल्यङ्कन समितिले छनौट गरेको निणर्य अन्तिम हुनेछ ।

६) प्रस्ताव पेश गर्न देहायका न्युनतम मापदण्ड पुरा भएको हुनु पर्नेछ ।

- फर्म दर्ता गराएको हुनुपर्ने ।
- बाखापालनको हकमा कम्तिमा २५ वटा माउ बाखा पालन गरेको हुनुपर्ने ।
- गाई भैसीपालनको लागि ३ वटा माउ हुनुपर्ने । जसमध्ये २ वटा दुहुना हुनुपर्ने ।
- बंगुरपालनको लागि ३ देखि ५ वटा माउ हुनुपर्ने ।
- कुखुरा पालनको लागि २५० भन्दा बढि हुनुपर्ने ।
- सम्बन्धित वडाको सिफारिस हुनुपर्ने ।

७) छनौट भएका व्यवसायीहरूले नजिकको बैकमा खाता खोल्नुपर्नेछ ।

८) कार्यकम संचालनको लागि अनुदान रकम कार्यालयले फिल्ड भेरिफीकेशन र कार्य सम्पादनको आधारमा खातामा जम्मा गरिनेछ ।

९) कार्यकममा सहभागि व्यवसायी कृषकले बालि तथा पशु बिमा कार्यविधि २०६९ बमोजिम पशुपन्छी बिमा गर्नुपर्नेछ । साथै फर्मवालाले आफ्नो व्यवसायको नगदी रसिदको छपाई गरि कार्यान्वयनमा ल्याउनु पर्नेछ ।



१०) प्रस्तावकले सरकारी निकायवाट विगत २ वर्षसम्मा एकलाख भन्दा बढिको नगद तथा वस्तुगत अनुदान सहयोग लिईसकेको भए छनौट प्रकृयामा समावेस गराइने छैन ।

## ५. अनुगमन, मुल्यङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यावस्था :

यस कार्यकमको अनुगमन, मुल्याङ्कन छनौट समिति र सम्बन्धित दोरम्बा गा.पा. को पशु विकास शाखाले गर्ने छ र सोको प्रतिवेदन, प्रगति सम्बन्धित दोरम्बा गा.पा.को पशु विकास शाखामा पठाउनु पर्नेछ ।

## ६. थप घट वा हेरफेर हुन सक्ने :

क) यो कार्यविधिको कार्यन्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यक अनुसार थपघट, हेरफेर वा खारेज गर्न सक्ने छ ।

ख) यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।



Scanned with CamScanner

९) निम्नलिखित कार्ययोजना सहित काम गर्नुपर्नेछ ।

क) व्यवस्थित खोर निर्माण गर्नुपर्नेछ ।

ख) आहारा तथा घाँसको व्यवस्थापन गर्नुपर्नेछ ।

ग) फार्मको बारवन्देज गर्नुपर्नेछ ।

घ) प्रजननको लागि बोका खरिद गनुपर्नेछ ।

१०) यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| संस्था/सहकारी/कृषक समुह/कृषक | दोरम्बा गा.पा.बाट सहि गर्ने |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| दस्तखत :- | दस्तखत :- |
| मिति :- | मिति :- |
| रोहवर | सम्पर्क नं. :- |
| कार्यलयको छाप | खाता नं. :- |
| | बैंकको नाम र ठेगाना :- |
| | संस्थाको छाप :- |
| | औठाको छाप : दाँया बायाँ |

आज्ञाले,
दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner